राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मिति: २०८१/०९/२९ गते

विषय: कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति: २०८१/०९/२६ गते

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा।

२. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) को नतिजा सम्बन्धमा।

३. कार्यविधि निर्माण सम्वन्धमा ।

४. नदिजन्य पदार्थ सम्वन्धमा ।

५. निर्माण इजाजत सम्वन्धमा ।

६. विविध ।

निर्णय हुनु पर्ने व्यहोरा:

१. यस अघि बसेको कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन प्रगतिबारे समिक्षा गर्नुपर्ने।

२. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ को दफा ३ उपदफा (ज) बमोजिम स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) को अन्तिम नतिजा अनुमोदन गरी सार्वजनिकरण गर्नुपर्ने।

३. राजपुर गाउँपालिकाको नगरप्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि र कृषि तथा पशुजन्य उत्पादनमा दिइने अनुदान सम्वन्धी कार्यविधि २०८१ निर्माणका लागि सैद्धान्तिक सहमति दिनुपर्ने।

४. आ.व.२०७६।०७७ मा यस गाउँपालिकाको वडा नं ३ खरदरीया घाटबाट नदिजन्य पदार्थ उत्खनन् सम्वन्धी कार्य गर्न ठे.नं. १।२०७६।७७ मार्फत के.सी. निर्माण सेवा लमही -८, दाङ र यस कार्यालय बिच २०७७ जेष्ठ मशान्त सम्म समयावधी हुनेगरी ठेक्का सम्झौता भएकोमा त्यस निर्माण कम्पनिले ठेक्का सम्झौता भन्दा अत्यधिक बढि नदिजन्य पदार्थ उत्खनन् गरी बिक्रि वितरण गरेको देखिएकोले सो को ठेक्का सम्झौता बमोजिम अग्रिम आए कर र मूल्य अभिबृद्धी कर समेत असुल उपर गर्नुपर्ने ।

५. राजपुर गाउँपालिका वडा नं. ३ बस्ने विद्या प्रसाद यादवले मिति २०८१/८/४ गते "घ" वर्गको निर्माण व्यसाय इजाजत पत्रका लागि दिएको दरखास्तको सम्बन्धमा राजपुर गाउँपालिकाको "घ" वर्गको इजाजत पत्र सम्वन्धी कार्यविधि २०७५ को दफा ३ बमोजिम प्राविधिक प्रतिवेदनको आधारमा योग्यता पुगेमा "घ" वर्गको इजाजत पत्र प्रदान गर्नुपर्ने ।

६. अन्य निर्णयहरु

CamScanner

निर्णयहरु:

१. २०८१ साल पौष १८ गते बसेको कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन प्रगतिबारे समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक नै भएको र थप प्रगतिका लागि जनप्रतिनिधि तथा कर्मचारीहरु सबैले थप क्रियाशिलता अपनाउने।

२. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ को दफा ३ उपदफा (ज) बमोजिम स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) को अन्तिम नतिजा जम्मा प्राप्ताङ्क ८९.७५ अनुमोदन गरी सार्वजनिकरण गर्ने।

३. राजपुर गाउँपालिकाको नगरप्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि र कृषि तथा पशुजन्य उत्पादनमा दिइने अनुदान सम्बन्धी कार्यविधि २०८१ निर्माणका लागि सैद्धान्तिक सहमति दिने ।

४. आ.ब.२०७६।०७७ मा यस गाउँपालिकाको वडा नं ३ खरदरीया घाटबाट जम्मा २०७०० घनमिटर नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्य गर्न टे.नं. १।२०७६।७७ मार्फत के.सी. निर्माण सेवा लमही ८ दाङ र यस कार्यालय बिच २०७७ जेष्ठ मशान्त सम्म समयावधी हुनेगरी ठेक्का सम्झौता भएकोमा त्यस निर्माण कम्पनिले ठेक्का सम्झौता भन्दा अत्यधिक बढि ५८००० हजार घन मिटर नदिजन्य पदार्थ उत्खनन् गरी वडा नं ३ कै प्रतापपुर क्षेत्रमा डम्पिङ गरी राखेकोले ठेक्का सम्झौता अनुसारको परिमानको हिसाब मिलान गरी बढी भएको रकम असुल गर्ने भनि मिति २०७७/१०/२५ को कार्यपालिका बैठकबाट निर्णय भएको तथा हाल सम्म पनि उक्त क्षेत्रमा केही मात्रामा नदिजन्य पदार्थ बेवारिसे अवस्थामा रहेको पाइएको सम्बन्धमा कार्यपालिकाको मिति २०८१/०९/१८ को बैठकबाट उक्त क्षेत्रको नदिजन्य पदार्थ पुन: नाँपजाँच गरी हिसाब मिलान तथा परिमान एकिन् गरी मूचुल्का उठाई ठहरे बमोजिमको रकम उक्त निर्माण सेवालाई दाखिला गर्न पत्राचार गर्ने र नबुझाएमा असुल उपरका लागि कानूनी उपचारका माध्यमबाट असुल उपर गर्ने भनी निर्णय भएकोले पुन नाँपजाँच गर्दा कुल ८००० घनमिटर स्टक रहेको पाइएको हुदा पहिले भएको ५८००० घनमिटरबाट ठेक्का सम्झौता बमोजिमको र हाल स्टक रहेको परिमान घटाउदा सम्झौता परिमान भन्दा २९,३०० बढी नदिजन्य पदार्थ उत्खनन् गरी बिक्रि वितरण गरेको देखिएकोले सो को ठेक्का सम्झौता बमोजिम अग्रिम आए कर र मूल्य अभिवृद्धी कर समेत रु. २४२।५६ का दरले जम्मा हुन आउने (अग्रिम आयकर, मूल्य अभिवृद्धि कर समेत) रु. ७१०७००८। कायम भएकोले असुल उपरको लागि पत्राचार गर्ने ।

५. राजपुर गाउँपालिका वडा नं. ३ बस्ने विद्या प्रसाद यादवले मिति २०८१/८/४ गते "घ" वर्गको निर्माण व्यसाय इजाजत पत्रका लागि दिएको दरखास्तको सम्बन्धमा राजपुर गाउँपालिकाको "घ" वर्गको इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ३ बमोजिम आवश्यक कागजात र प्राविधिक प्रतिवेदनको आधारमा उक्त निर्माण व्यसायीले सम्झौता गरेको सवारी साधनको बिमाको कागजात पेस गरेमा "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने ।